# सिलीचोङ गाउँपालिका, न्यायिक समिति सचिवालयबाट सम्पादित
# कार्य प्रगति प्रतिवेदन
# आर्थिक बर्ष २०८०/०८१



**तयार / सहजकर्ता**


श्री प्रविन कुलुङ

(उजुरी प्रशासक)

न्यायिक समिति सचिवालय

सिलीचोङ गाउँकार्यपालिका तारुव्




श्री ज्ञानराज जी

आ.प्र. (Website मा अपलोड गर्नु)

२।२३


सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं. ३०२०
दर्ता मिति २०८१।०३।२६

## १. पृष्ठभुमि :-

नेपालको संविधान अनुसार पूर्वाञ्चल विकास क्षेत्र अर्न्तगत पुर्व अञ्चलको संखुवासभा जिल्लाका सुदुर उत्तरका साविक सिसुवाखोला, बाला, माङतेवा, ताम्कु र याफु गा.वि.स.हरुको संयोजन भई कोशी प्रदेश अर्न्तगतका स्थानीय तहहरु मध्ये एक हो सिलिचोङ गाँउपालिका । भौगोलिक रुपमा विकट भएतापनि सामाजिक सास्कृतिक रहनसहनले भरिपूर्ण यस गाउँपालिका वातावरणीय दृष्टिकोणले बसोवासको लागि उत्कृष्ट रहेको छ । यस क्षेत्रमा पर्ने रमणीय सिलीचोङ हिमालको नामबाट यस गाउँपालिकाको नाम सिलीचोङ रहन गएको हो यस गाउँपालिकाको क्षेत्रफल : ५०१.८९ वर्ग कि.मी. रहेको छ भने सिलीचोङ गाउँपालिमा करिब १०४३२ जससंख्या रहेकोमा गाउँपालिकाभित्र कुलुङ, मेवाहाङ जाति तथा किरात, बौद्ध धर्म मान्नेहरुको बाहुल्यता रहेको छ । हाल सिलीचोङ गाउँपालिका न्यायिक समिति सचिवालयको व्यवस्थित कार्यालय स्थापना भई सिलीचोङ गाउँपालिकाका ५ वटै वडा हरुमा मेलमिलाप केन्द्र स्थापना भईसकेको अवस्था रहेको छ ।

तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## २. मुख्य समस्याहरु :-

क) सूचना तथा संचार प्रविधिको पहुँच नहुनु

ख) न्यायिक समिति र मेलमिलापकर्ताबारे टोलहरुमा जनचेतना जगाउन नसक्नु

ग) भौगोलिक विकटताका कारण यातायातको सुविधा सहज नहुनु

घ) स्थानिय सरकार सन्चालन ऐन २०७४ दफा ४७ (१) (२) अधिकार क्षेत्र बारे अस्पष्टता हुनु ।

तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## ३. मुख्य चुनौतिहरु:-

क) तीन तहका सरकारहरु वीच समन्वय, सहकार्य र जिम्मेबार बनाउन ।

ख) न्यायिक समिति र मेलमिलापकर्ताबारे टोलहरुमा जनचेतना जगाउन ।

ग) भौगोलिक विकटताका कारण यातायातको सुविधा सहज नहुनु

घ) स्थानिय सरकार सन्चालन ऐन २०७४ दफा ४७ (१) (२) अधिकार क्षेत्र बारे स्पष्ट गराउन ।

ङ) सूचना तथा संचार प्रविधिको पहुँच पुर्‍याउन ।

तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## ४. अवसरहरु :

क) तीन तहका सरकारहरु बीच समन्वय, सहकार्य र जिम्मेबारी ।

ख) संवैधानिक तथा कानुनी आधार ।

ग) सामान्य विवाद समाधानको लागि ६५ टोलमा मेलमिलापकेन्द्रको स्थापना ।

घ) सूचना तथा संचार प्रविधिको पहुँच पुऱ्याई सामाजिक सञ्जाल मार्फत जनचेतनात्मक सूचना प्रवाह ।

तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## ५. उद्धेश्यः

क) तीन तहका सरकारहरु वीच समन्वय, सहकार्य र जिम्मेबारी बनाउने ।

ख) संवैधानिक तथा कानुनी आधार तयार गर्ने ।

ग) सामान्य विवाद समाधानको लागि ६५ टोलमा मेलमिलापकेन्द्रको स्थापना गर्ने ।

घ) सूचना तथा संचार प्रविधिको पहुँच पुऱ्याई सामाजिक सञ्जाल मार्फत जनचेतनात्मक सूचना प्रवाह गर्ने ।

ङ) निर्माण भएका ऐन, कार्यविधिहरुलाई कार्यन्वयन गर्न ।

च) द्वन्द्ध / विवाद रहित समाजको निर्माण गर्न ।

तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## ६. कार्य सञ्चालनको कानुनि आधार ऐन तथा कार्यविधि :-

### १. ऐन :-

क) सिलीचोङ गाउँपालिका न्यायिक समितिले उजुरी कारवाही किनारा लगाउदा अपनाउनुपर्ने कार्यविधि बनाउने ऐन - २०७६ ।

### २. कार्यविधि :-

ख) मेलमिलाप र मेलमिलापकर्ता सन्चालन सम्वन्धि कार्यविधि - २०७९ ।

तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## ७. न्यायिक समिति सम्बन्धि, आ.व. २०८०/०८१ को बजेट, योजना तथा कार्यक्रमको अवस्था :

क) २.१.८ मेलमिालप कर्ता प्रोत्साहन खर्च रु. ५०,०००।- (पचास हजार)

ख) २.१.९ न्यायिक समितिका लागि आवश्यक पाठ्य सामाग्री खरिद रु. २५,०००।- (पच्चिस हजार)

न्यायिक समति, मेलमिलापकर्ताहरुको क्षमता विकास सम्वन्धि कार्यक्रममा बजेट विनियोजित नभएको ।

तयार / <u>सहजकर्ता</u>
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

# सिलीचोङ गाउँपालिका न्यायिक समिति सचिवालय कार्यालय,
# ताम्कु सङखुवासभा, कोशी नेपाल

## न्यायिक समिति




## सुचिकृत मेलमिलापकर्ताहरु




तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## ९. न्यायिक समिति सचिवालयद्धारा आ.व. २०८०/०८१ मा सम्पादन गरेका कार्यहरु :-

क) सिलीचोङ गाउँपालिका न्यायिक समिति सचिवालयको कार्यालय व्यवस्थापन एबम् दर्ता भएका विवादका दर्ता किताव, निस्सा पत्र, आदेश पर्चा, दोस्रो पक्षको लिखित जवाफ, पहिलो, दोस्रो पक्ष, मेलमिलापकर्ता र न्यायिक समतिको संयुक्त बैठक, मिलापत्र गरी पाउँ निवेदन र मिलापत्र सम्पुर्ण कागजहरुको मिसिल मिति २०८० फागुन ०४ गतेका दिन **सङ्खुवासभा जिल्ला अदाल चैनपुरका माननिय जिल्ला न्यायाधीश श्रीटेकनाथ गौतमको ज्यूको** नेतृत्वमा ६ सदस्य अनुगमन कर्ता ज्यूहरुलाई सहज वातावरणमा मिसिलहरु देखाई सहयोग गरी न्यायिक समितिको सचिवालयको कार्यालय अनुगमन गरी सम्पन्न गरिएको ।









तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)

## १०. न्यायिक समिति सचिवालयद्धारा आ.व. २०८०/०८१ मा सम्पादन गरेका कार्यहरु :-

क) सिलीचोङ गाउँपालिकामा विवाद दर्ता जम्मा ४ वटा भएका छन भने सामाजिक वहिष्करण गालि गलौज विवाद संख्या २, जग्गा सधियार सिमाना विवाद १ र खानेपानी तथा घरपालुवा जनवार छाडा सम्वन्धी १ रहेको छ । जसमा विवाद समाधानका लागि सहभागि मेलमिलाप कर्ताहरु (क). श्री भुपेन्द्र कुलुङ, समाधान सहभागी संख्या - ४ (ख) बुद्धिमान राई, समाधान सहभागी संख्या - २ (ग) भगत कुलुङ राई, समाधान सहभागी संख्या - १ (ग) अकलविला राई, समाधान सहभागी संख्या - १ (ग) चिरन्जिवि राई, समाधान सहभागी संख्या - १ रहेको छ । विवादहरु सहज तरिकाले समाधान भएको छ, यहाँहरु मेलमिलापकर्ता ज्यूहरु धन्यवादको पात्र हुनुहुन्छ ।

## ११. न्यायिक समिति सचिवालयद्धारा आ.व. २०८०/०८१ मा सम्पादन गरेका कार्यहरु :-

### आ.व. २०८०/०८१ को उजुरीको अवस्था

| क.स | उजुरीको प्रकार | आ.व. २०८०/०८१ को जम्मा उजुरी दर्ता संख्या | आ.व. २०७९/०८० फर्छौट हनु बाँकि आल्या संख्या | यस आ.व. २०८०/०८१ फर्छौट उजुरी जम्मा संख्या | आ.व. २०८१/०८२ फर्छौट हुन बाँकी उजुरी सारीएका जम्मा संख्या | कै. |
|---|---|---|---|---|---|---|
| १ | गाली गलौज/जग्गा सम्वन्धि विवाद । | १ | ० | १ | ० | मेलमिलापकर्ता द्वारा समाधान । |
| २ | गाली गलोज, सामाजिक वहिष्करण सम्वन्धि विवाद । | २ | ० | २ | ० | मेलमिलापकर्ता द्वारा समाधान । |
| ३ | खानेपानी तथा गाली वेइज्जती, बस्तु भाउ छाडा छाडेको सम्वन्धि विवाद । | १ | ० | १ | ० | मेलमिलापकर्ता द्वारा समाधान । |
| | जम्मा विवाद संख्या | ४ | ० | ४ | 0 | |

तयार / सहजकर्ता
श्री प्रविन कुलुङ
(उजुरी प्रशासक)